# आर्थिक वर्ष २०८१/८२ को

# मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम

## मधेश प्रदेश सरकार

## प्रदेश नीति तथा योजना आयोग

### जनकपुरधाम, नेपाल

**माननीय सभामुख,**
**माननीय सदस्यहरू,**

१. नेपालको संविधान, २०७२ ले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानलाई अक्षुण्ण राखी जनताको सार्वभौम अधिकार स्वायतता र स्वशासनको अधिकारलाई आत्मसात गर्न संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना भई पाँचवर्षको कार्यकाल पुरा भई र प्रदेश सरकारको पहिलो आवधिक योजनाको कार्यान्वयन समेत अन्तिम चरणमा पुगेको छ।

२. संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न काल खण्डमा भएका जनआन्दोलन, सशस्त्र जनयुद्ध, मधेश जनविद्रोह लगायत पहिचान र अधिकार प्राप्तिको लागि विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात बीर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु ।

३. मधेश प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम नेपालको संविधान, नेपाल सरकारको आर्थिक नीति, नेपाल सरकारको १६ औं आवधिक योजना तथा विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, दिगो विकासका लक्ष्यहरु लगायत नेपाल सरकारले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु,मधेश प्रदेशको पहिलो आवधिक योजना,प्रदेश पार्श्वचित्र, मध्यमकालीन खर्च संरचना र वर्तमान सरकार गठन भएपछिको पहिलो बैठकले घोषणा गरेको दुरगामी महत्वको निम्नानुसारका सात बुँदे नीति तथा कार्यक्रमलाई प्रदेश सरकारले मार्गदर्शनको रुपमा लिनेछ ।

   क. बाँझो जग्गालाई उपयोग गरी नमुना कृषि विकास मोडल लागू गर्न कृषि समूह सहकारी वा निजी साझेदारीमा एक पालिका एक कृषि उत्कृष्टता केन्द्र तयार गर्ने ।
   ख. मधेश प्रदेशका प्रत्येक जिल्लामा नमुनाको रुपमा एक/एक वटा खुला शैक्षिक पार्क तयार गर्ने ।
   ग. मधेश प्रदेशको तथ्याङ्कलाई भरपर्दो र विश्वशनिय बनाउन आफ्नै डिजिटल तथ्याङ्क बैंक स्थापना गर्ने ।
   घ. बैदेशिक रोजगारबाट सिप सिकेर फर्केका जनशक्तिको रोस्टर निर्माण गरी श्रम बैंकको रुपमा परिचालन गर्दै सिपलाई रोजगार संग जोडने ।
   ङ. दिगो मधेश विकासको योजना तयार गरी स्वदेशि एवम् बैदेशिक लगानी आकर्षण गर्न मधेश प्रदेश लगानी सम्मेलनको आयोजना गर्ने ।

च. मधेशमा सुशासनको जग स्थापित गर्न खोजमुलक पत्रकारितालाई प्रबर्द्धन गर्दै प्रदेश सरकार र  मिडिया साझेदारी कार्यक्रम संचालन गर्ने एवम् मधेशमा दर्ता भएका मिडियामा कार्यरत पत्रकारको दुर्घटना विमा गर्ने ।

छ. मधेशको खेल क्षेत्रलाई गतिशील बनाउन प्रदेश गौरवको आयोजनाको रुपमा रंगशाला निर्माण गर्ने र खेलाडीलाई प्रोत्साहन भत्ताको व्यवस्था गर्ने ।

४. संघ र स्थानीय सरकारबीच कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी काममा रहेको दोहोरोपना अन्त्य गरिनेछ । कार्यसम्पादन प्रभावकारीतामा योगदान गर्न नसक्ने, असान्दर्भिक भएका, कार्यमा दोहोरोपन भएका र उद्देश्य अनुसार सञ्चालन हुन नसकने संचरनाहरु खारेज गरी चुस्त, दुरुस्त साँगठनिक पुन संरचना गरिनेछ ।

५. संविधान र सङ्घीयताको प्रभावकारी कार्यान्वयन, अर्थतन्त्रको संरचनात्मक सुधार, सार्वजनिक खर्चमा मितव्ययिता, पूँजीगत खर्च वृद्धि, गुणस्तरीय पूर्वाधार निर्माण, शासकीय व्यवस्था र सेवा प्रवाहमा सुधार, भ्रष्टाचार नियन्त्रण, उत्पादन र रोजगारी वृद्धि, हरित अर्थतन्त्रको विकास, पर्यावरणीय सन्तुलन, आर्थिक सामाजिक विभेदको अन्त्य, गरिबी निवारण, मानव अधिकार संरक्षण र सम्वर्द्धन, समावेशी विकास, शान्ति र समृद्धि कायम गर्ने प्रदेश सरकारका प्रमुख नीतिगत प्राथमिकता हुनेछन । वार्षिक नीति तथा कार्यक्रम र  बजेट यिनै प्राथमिकतामा परिलक्षित हुनेछन ।

६. मधेशमा सरकार र निजी क्षेत्रको बलियो साझेदारीबाट उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र रोजगारी सिर्जना मार्फत प्रदेशलाई आर्थिक रुपमा सबल बनाइनेछ । सार्वजनिक खर्चको विनियोजन दक्षता तथा कार्यान्वयन क्षमता सुधार गरिनेछ । स्थानीय तह र प्रदेशको बजेट निर्माणदेखि कार्यान्वयन प्रक्रियासम्मको पुनरावलोकन गरी पूँजीगत खर्च वृद्धि गरिनेछ । सरकारी खर्चमा मितव्ययिता कायम गरिनेछ । विनियोजन जवाफदेहितालाई कडाइका साथ लागू गरिनेछ । आर्थिक प्रशासनलाई थप पारदर्शी, नतिजामुखी र सूचना प्रविधिमा आधारित बनाइनेछ ।

७. सरकारी सेवा प्रवाहलाई स्वच्छ, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागीतामूलक बनाइनेछ । सेवा प्रभावकारी बनाउन Automation र Artificial Intelligence समेतको उपयोग द्वारा सेवाको लागत घटाई गुणस्तरीय सेवा प्रदान गर्न पहल गरिनेछ । यसका लागि सरकारी निकायहरुको काम कारवाहीमा Internet को प्रयोगलाई बढावा दिइनेछ । सरकारी सूचना प्रणालीलाई व्यवस्थित बनाउदै सूचनामा

सर्वसाधारणको पहुँच अभिवृद्धि गरिनेछ । भ्रष्टाचार र अनियमितता प्रति शून्य सहनशीलताको नीति अवलम्बन गर्दै सार्वजनिक सेवामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गरिनेछ ।

८. माइलस्टोन (MileStone ) सहितको कार्यक्रम कार्यान्वयन कार्य तालिका बनाई आर्थिक वर्षको प्रारम्भ देखि नै कार्यान्वयन सुनिश्चितता गरी आर्थिक वर्षको अन्त्यमा बजेट खर्च गर्ने प्रवृत्ति लाई निरुत्साहित गरिनेछ, यस कार्यको लागि सम्बन्धित मन्त्रालयहरुले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसँग मातहतका कार्यालयहरुले मन्त्रालयसँग सूचक सहितको नतिजामूलक कार्यसम्पादन सम्झौता गर्ने व्यवस्था मिलाइनेछ।

९. सार्वजनिक क्षेत्रको अनुत्पादक खर्चलाई निरुत्साहित गर्दै उत्पादनशील क्षेत्रमा लगानी गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ । यसका लागि अनुत्पादक क्षेत्रमा बजेट विनियोजन गरिने छैन ।प्रदेशको आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व सम्बन्धी कानूनमा समसामयिक परिमार्जन गरी सार्वजनिक खर्च प्रणालीलाई थप पारदर्शी र जवाफदेही बनाई वित्तीय अनुशासन कायम गरिनेछ।

१०. आयोजनाहरुलाई प्रादेशिक आयोजना बैंकमा अनिवार्य रुपमा प्रविष्ट गरी प्रादेशिक आवश्यकता, क्षेत्रगत सन्तुलन एवं समन्यायीकताको सिद्धान्त अनुरुप बजेट विनियोजन गरी अपेक्षित प्रतिफल हासिल गरिनेछ ।प्रदेश आयोजना बैंकमा पालिकाहरुको पहुँच बढाउन स्थानीय तहहरुको विकासमा महत्त्वपूर्ण योगदान दिनसक्ने योजनाहरु समावेश गरी स्रोत र साधनले भ्याएसम्म स्थानीय तहहरुको समन्वय र सहकार्यमा प्रादेशिक योजना सञ्चालन गरिनेछ।

११. प्रदेशस्तरीय बहुआयामिक गरीबीको अध्ययन, प्रदेश सरकार तथा स्थानीय तहहरुको संस्थागत क्षमता अभिवृद्धिका लागि रणनीतिक योजना तर्जुमा, प्रदेश सरकारको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी अध्ययन अनुसन्धान, अन्य प्रादेशिक नीति, मार्गदर्शन, कार्यविधि निर्माण गरी लागु गरिनेछ।

१२. प्रत्यक्ष वैदेशिक तथा आन्तरिक लगानी प्रर्वद्धनका लागि सार्वजनिक, निजी तथा सहकारी साझेदारीको अवधारणा अनुरुप कानूनी एवं संस्थागत संरचनाहरु निर्माण गरिनेछ ।

१३. प्रदेशको समग्र आर्थिक गतिविधिलाई प्रोत्साहन हुने गरी आन्तरीक राजस्व नीति परिचालन गरिनेछ । प्रदेश राजस्व प्रशासनलाई संस्थागत सुदृढीकरण गर्नको लागि राजस्व सम्बन्धी कानून तर्जुमा, प्रादेशिक संगठन ढाँचा निर्माण, जनशक्तिको क्षमता विकास र सूचना तथा संचार प्रणालीको सुदृढीकरण गरिनेछ ।

१४. मानव सभ्यता र संस्कृतिको धोतकको रुपमा रहेको शहरी जनजीवनको व्यस्तता र भीरभाडमा आम सर्वसाधारणको लागी र प्रदेश भ्रमण गर्ने पर्यटकहरु समेतका लागी प्रादेशिक राजधानी र जिल्ला सदरमुकामहरु समेतमा अतिआवश्यक रहेको शौचालयको अभाव पूर्ति गर्न घुम्ती (Mobile) सौचालय र आवश्यकता र उपयुक्तताका आधारमा पक्की सौचालय निर्माणलाई प्राथमिकता दिइनेछ र स्थानीय तहहरुले शौचालय निर्माणका लागि आफ्नो वार्षिक कार्यक्रममा पनि बजेट विनियोजन गर्न प्रोत्साहित गरिनेछ ।

१५. मधेशमा झांगिदो रुपमा रहेको महिला हिंसा, लैङ्गिक विभेद, बालविवाह, दाइजो प्रथा, बोक्सी प्रथा जस्ता अमानवीय कुरीती र परम्परालाई निरुत्साहन गर्न प्रचलित ऐन कानूनको प्रभावकारी कार्यान्वयन गरी दोषीलाई कानूनी कारवाहीको दायरा भित्र ल्याइनेछ। पीडितहरुलाई क्षतिपूर्तिको उचित व्यवस्था मिलाइने र यस्ता घटना न्यूनीकरणको लागी विद्यालयस्तरीय पाठ्यक्रममा त्यस्ता विषय समावेश गर्ने सामाजिक चेतना अभिवृद्धि गर्ने जस्ता प्रवर्द्धनात्मक कार्य अघि बढाइनेछ । हिंसा पीडित र पीडकको अभिलेख राखी पीडितलाई न्याय दिने तर्फ प्रदेश सरकारका नीति र कार्यक्रमहरु लक्षित हुनेछ ।

**माननीय सदस्यहरू,**

१६. मधेश प्रदेशको गरिबी निवारण, उत्पादन वृद्धि र सामाजिक न्याय सहितको आर्थिक समृद्धि पहिलो प्राथमिकता हुनेगरी बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ।

१७. वित्तीय संघीयताको सफल कार्यान्वयन, प्रदेशको आयमा बढोत्तरी, प्रदेशको सन्तुलित विकास र समन्यायिक विकासलाई प्रथमिकतामा राखी बजेट तर्जुमा गरिनेछ।

१८. स्रोत साधनलाई सिमित क्षेत्र र वर्गमा केन्द्रीकृत हुन नदिई वास्तविक रुपमा वञ्चितिमा रहेका वर्ग सामुदायलाई विकासको प्रत्यक्ष लाभ पुग्नेगरी सन्तुलित र समन्यायिक विकासलाई प्राथमिकता साथ बजेट तथा कार्यक्रम प्रस्तुत गरिनेछ।

१९. समुदायबाट सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका क्षेत्रमा भएको योगदानको अभिलेख राख्नेगरी कार्यान्वयन प्रणालीमा सुधार गर्दै लगिनेछ। सार्वजनिक स्रोत साधनको परिचालनबाट हुने खर्च रकमले स्थानीय स्तरमा सृजना हुने रोजगारीको सूचना राख्ने गरी क्रमशः पद्धतिगत सुधार गरिनेछ ।

२०. तत्काल प्रत्यक्ष रोजगारी सृजना गर्ने र नवप्रवर्तन तथा युवा उद्यमशिलता प्रवर्द्धन गर्ने किसिमका कार्यक्रम सम्बन्धित विषय क्षेत्रका निकायहरु मार्फत प्राथमिकतामा राखी

छनौट गर्ने गराउने प्रबन्ध मिलाइनेछ। यसका लागि व्यवसायिक क्षेत्र र सामुदायिक क्षेत्र मार्फत हुने त्यस्ता कार्यक्रमहरुलाई प्रोत्साहन गरिनेछ।

२१. प्रदेश सरकारका आयोजनाहरुको कार्यान्वयन गर्दा खुला एवं प्रतिस्पर्धी खरिद विधिको अवलम्बन हुनेगरी व्यवस्था मिलाइनेछ। लाभग्राही एवं नागरिकको आयोजना प्रति स्वामित्व र अपनत्व सृजना गर्न पारदर्शी कार्यान्वयन प्रक्रिया सहित नागरिक नेतृत्व सहजीकरण संयन्त्र परिचालन गरिनेछ।

२२. लाभग्राहीको प्रत्यक्ष सहभागिताबाट कार्यान्वयन गर्नुपर्ने प्रकृतिका कार्यहरु गर्दा गराउँदा स्पष्ट एवं पारदर्शी कार्यविधि अवलम्बन गरिनेछ। यस प्रकार कार्यान्वयनमा जाने क्रियाकलापहरुमा लाभग्राहीको सहभागिता स्पष्ट खुलेको अभिलेख राख्ने, सो को सर्वजनिकीकरण गर्ने र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था अनिवार्य गरिनेछ ।

२३. प्रदेश अन्तर्गत हुने सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरु स्थानीय तह मार्फत वडा समितिहरुलाई सम्पर्क निकायको रुपमा स्थापित गर्न जोड दिइनेछ। यसबाट नेपालको संविधानको धारा २३२ को मर्म अनुसार नागरिक सेवा र सुशासनका लागि समन्वय, सहकार्य र सहकारीताको अभ्यासलाई व्यवहारमा रुपान्तरण गर्दै लैजान एवं नागरिकमा संघीयता प्रति अपनत्व बढाई संघीय शासन प्रक्रियामा सहभागी भएको महशुस गराउदै लैजान योगदान गरिनेछ।

२४. मधेश प्रदेशको स्वास्थ्य, सरसफाई, शिक्षा र पानीको उपयोग अवस्थामा सुधार गर्न विशेष क्षेत्र लक्षित गरी लगानी खाँका (Financial Framework) तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५. संविधानले प्रवन्ध गरेको विशेष अनुदान सम्वन्धी व्यवस्थालाई प्रभावकारी गराउन संघ र स्थानीय तहसँग समेत सहजीकरण र सहकार्य गरी विशेष अनुदानलाई मधेश प्रदेशको विकास सूचकाङ्कमा कमजोर देखिएका क्षेत्रहरुमा सुधार गर्ने नीति लिइनेछ ।

२६. प्रदेशबाट स्थानीय तहमार्फत कार्यान्वयनमा जाने आयोजनाहरुलाई बजेटमा समावेश गरिनेछ। त्यस्ता कार्यक्रमहरुको विषयगत मन्त्रालयहरुलाई प्रगति लक्ष्यका लागि जिम्मेवार गराइनेछ। प्रदेशबाट स्थानीय तहमा हुने वित्तीय हस्तान्तरणको विवरण सहितको खाँका तयार गरी संघीयताको भावना अनुसार प्रदेश र स्थानीय तह बीच सहकार्यमा अभिवृद्धि गराउँदै लगिनेछ।

२७. संघ र स्थानीय तहको बृहत कार्यक्रमसँग तादात्म्यता राख्नेगरी विषयगत मन्त्रालय मार्फत पूरक सम्वन्ध सहित आयोजनाको लक्ष्य निर्धारण गरिएको यकिन गराई बजेट तथा कार्यक्रम तर्जुमा गर्ने नीति लिइनेछ।

२८. मधेश प्रदेशको गौरबका आयोजनालाई विशेष प्राथमिकता दिई विषयगत मन्त्रालयबाट सहभागितामूलक र प्रणालीगत रुपमा प्राप्त आयोजनाहरुको छनौट गर्ने गराउने व्यवस्था मिलाइनेछ।

२९. प्रदेश भित्र आन्तरिक आय बढाउने कार्यक्रममा लगानी बढाइनेछ। आन्तरिक स्रोत परिचालन र प्राप्तिको अभिलेख व्यवस्थित गराउन आवश्यक कार्यविधि सहितको प्रणाली कार्यान्वयनमा ल्याइनेछ।

३०. प्राकृतिक स्रोतसाधन परिचालन मार्फत स्थानीय तहले प्राप्त गर्ने आन्तरिक स्रोत परिचालनलाई प्रभावकारी गराउन प्रदेशले आवश्यक सहजीकरण गरी राजस्व अभिवृद्धिको आधार खडा गर्दै लगिनेछ।

३१. विकास साझेदारहरु मार्फत यस प्रदेशमा भएका प्राविधिक सहयोगहरुको विवरण विषयगत मन्त्रालयको जिम्मेवारीमा रहने गरी छुट्टै प्रतिवेदन तयार गर्न लगाइनेछ। यसको नियमितताका लागि अर्थ मन्त्रालयले समन्वय गर्ने गरी व्यवस्था मिलाइनेछ।

३२. गैर बजेटरी दायित्व (Extra Budgetary Liabilities) मा वृद्धि हुँदै गइरहेको विषयलाई गम्भिरताका साथ लिई यसले भविष्यमा बजेट प्रणालीमा पार्ने असरको आँकलन गरी आर्थिक दायित्वका लागि उपयुक्त नीति अवलम्बन गरिनेछ।

३३. मधेश प्रदेश सरकारले सवारी साधन खरिद गर्नु पर्दा विधुतीय सवारी साधनलाई प्राथमिकता दिई बजेट विनियोजन गरिनेछ। यसबाट राष्ट्रिय अर्थतन्त्रलाई मजबुत बनाउँदै लैजान ठोस योगदान पुग्ने अपेक्षा गरिएको छ।

३४. कृषि बालीमा चक्लाबन्दी व्यवस्था लागू गर्ने र कृषिलाई यान्त्रिकीकरण गर्ने एवं कृषि समूहलाई प्रोत्साहन गर्ने नीति लिइनेछ।

३५. प्रदेशले संघबाट प्राप्त गर्ने वित्तीय हस्तान्तरण वापतको रकम वृद्धि गर्न सूचना र प्रमाणका आधारमा आवश्यक पहल गरिनेछ। समपुरक र विशेष अनुदान प्राप्ति सुनिश्चित गर्न समयवद्ध रुपमा योजना कार्यक्रमहरु तयार गरी कार्यान्वयनमा लैजाने वातावरण तयार गरिनेछ।

३६. प्रदेश भित्र उद्यम व्यवसाय फष्टाउने, लगानी अनुकूल वातावरण निर्माण गर्ने गराउने र रोजगारी सृजनामा योगदान दिने प्रयासमा केन्द्रित गरिनेछ। यसका लागि कर कानूनमा समसामयिक परिमार्जन गरिनेछ।

३७. पालिकास्तरमा सामाजिक धार्मिक संस्थाद्वारा सामूहिक विवाहको कार्यक्रम सञ्चालन गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ। सामूहिक विवाहको खर्चमा प्रदेश सरकारबाट अनुदान उपलब्ध गराउने गरी कार्य गर्न आवश्यक कानूनी आधार खडा गरिनेछ ।

## माननीय सदस्यहरू,

३८. प्रदेशमा हुने विभिन्न अपराधिक कार्यहरुको नियन्त्रण, रोकथाम र सीमा सुरक्षामा केन्द्रित आन्तरिक सुरक्षा रणनीति विकास गरी सुरक्षा जोखिमहरुलाई प्रभावकारी रुपमा पहिचान गर्न र सम्बोधन गर्न कानुन सम्बन्धित निकायहरु, सम्बन्धित सेवाहरु र स्थानीय समुदायहरुसँगको सहकार्यका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

३९. प्राकृतिक प्रकोप, महामारी र अन्य आपतकालिन अवस्थाहरुमा तुरुन्तै प्रतिक्रिया दिन प्रभावकारी विपद् व्यवस्थापन योजना लागु गरी आपतकालीन अवस्थामा जीवन र सम्पत्तिको क्षति न्यूनीकरण गर्न सम्बन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने संयन्त्र, क्षमता निर्माणका पहलहरु, प्रारम्भिक चेतावनी प्रणाली प्रक्रियाहरु समावेश गरिनेछ ।

४०. द्वन्द्व पिडित तथा मधेश आन्दोलनका सहिद परिवारहरुका लागि आवश्यक आर्थिक सहयोग तथा आवश्यकता अनुसारका तालिम तथा आयमूलक कार्यक्रमहरु संचालन गरि जिविकोपार्जनमा सहयोग गरिनेछ ।

४१. मधेश प्रदेश सरकारलाई पूर्ण रुपमा प्रेस मैत्री बनाईनेछ। सुचना डेस्कको स्थापना, पत्रकारहरुको वृत्ति विकासका लागि पुरस्कारको व्यवस्था, स्वास्थ्य विमा, लोककल्याणकारी विज्ञापनलाई थप प्रभावकारी बनाई समानुपातिक विज्ञापन प्रणाली तथा प्रदेश भित्रका संचार माध्यमहरुको संरक्षण र सम्वर्द्धन गर्ने नीति प्रदेश सरकारको रहनेछ। साथै नेपाल पत्रकार महासंघको भौतिक एवं संरचनागत सुदृढीकरणका लागि सरकारले विशेष रणनीति अनुसार कार्य गर्नेछ ।

४२. लोक कल्याणकारी विज्ञापनलाई निरन्तरता दिईनेछ । सामुदायिक रेडियोहरुको सञ्चाल निर्माण तथा संचालन गरिनेछ।सामुदायिक रेडियोहरुको सबलीकरण सुदृढीकरण तथा सशक्तिकरण गर्नका लागि कार्यक्रम संचालन गरिनेछ।रेडियोहरुमा कार्यरत संचारकर्मीहरुको दक्षता अभिवृद्धिका कार्यक्रमहरु संचालन गरिनेछ।

४३. पत्रकारहरुको दुर्घटना विमा कार्यक्रम संचालन गरिनेछ ।नागरिकहरुको सशक्तिकरणको सम्वाहकका रुपमा भूमिका निर्वाह गर्न पत्रकारिता क्षेत्रको उत्थानका लागि कार्यक्रम संचालन गरिनेछ ।

४४. जनतालाई सेवामा सहजीकरण गर्न सम्भावयता एवम् उपयुक्तताको आधारमा सार्वजनिक स्थलहरु लगायत निर्दिष्ट स्थानमा स्रोत र साधन भ्याए सम्म Free Wifi Zone को विकास गरिनेछ ।

४५. अपराधिक न्याय सुधार, मानव अधिकार संरक्षण र कानुनी सशक्तिकरण जस्ता प्राथमिकताका क्षेत्रहरुमा केन्द्रित विधायिका कार्यसूची विकास गरी नयाँ कानुनको मस्यौदा, विद्यमान कानुन परिमार्जन र उदयीमान कानुनी चुनौतिहरु लाई सम्बोधन गर्न र कानुनको अगाडी सामाजिक न्याय र समानता प्रवर्द्धन गरिनेछ ।

४६. स्थानीय तहको दक्षता, स्वतन्त्रतामा सुधार गर्न न्यायिक सुधार पहलहरु लागु गरी न्यायिक प्रशिक्षण कार्यक्रमहरु, न्यायिक समितिको आधुनिकीकरण प्रयासहरु र न्याय प्रशासनमा न्यायिक जवाफदेहिता र पारदर्शिता अभिवृद्धि गर्ने संयन्त्रहरु समावेश गरिनेछ ।

**माननीय सदस्यहरु,**

४७. वन प्रशासनको सांगठनिक तथा संस्थागत संरचनालाईसमयानुकूल पुनर्संरचना र प्रविधिमैत्री बनाई वन, वातावरण, जैविक विविधता, जलाधार व्यवस्थापनलगायतका सेवालाई जनस्तरसम्म पुर्याउन सेवा विस्तार गरिनेछ ।

४८. वनक्षेत्रको दिगो वन विकास, संरक्षण, सम्वर्द्धन, उचित व्यवस्थापन र वन पैदावारको दिगो आपूर्तिको लागि प्रदेशको समग्र वनक्षेत्रको गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याईनेछ।

४९. **"व्यवस्थित जलाधार समृद्धिको आधार"** भन्ने मर्म अनुरुप माथिल्लो तथा तल्लो तटीयक्षेत्र अन्तरसम्बन्धको आधारमा चुरे भू-परिधिको प्रभावकारी संरक्षण गर्न सरोकारवालासंगको समन्वय र सहकार्यमा एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम सञ्चालन मार्फत जलवायुजन्य जोखिम न्यूनीकरण तथा अनुकूलनका कार्यहरु गरिनेछ। प्रदेश भित्र रहेका नदीजन्य पदार्थ जस्तै बालुवा, गिट्टी सङ्कलन तथा उत्खननका साथै क्रसर उद्योग समतेलाई व्यवस्थित गर्न आवश्यक ऐन, कानून निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

५०. चुरे तथा भावर क्षेत्रमा जलाशय निर्माण तथा संरक्षण,नदी कटान नियन्त्रण, वर्षा तथा खोलानालाबाट पानी संकलन गरी भूमिगत जल पुनर्भरण (Ground water recharge) र भूमिगत जलस्तरलाई उठाई खानेपानी तथा सिंचाई प्रयोजनको लागि व्यवस्था मिलाईने छ।

५१. प्रदेश सरकारको **"चुरे जोगाउ, मधेश बचाउ"**भन्ने अभियानलाई मूर्तरुप दिनका लागि **"भू तथा जलाधार संरक्षण ऐन"**बनाउन आवश्यक पहल गरिनेछ ।साथै यस अभियान अन्तर्गत सुख्खाग्रस्त क्षेत्रहरुको अध्ययन एवम् पहिचान गरी स्वच्छ खानेपानी भण्डारण, सङ्कलन एवम् वितरण गरी **"चुरे संरक्षण सम्वाद कार्यक्रम"** सञ्चालन गरिनेछ, शहरी क्षेत्रमा खानेपानीको सहज र निरन्तर आपूर्ति व्यवस्थाको लागि **"शहरी जलाधार व्यवस्थापन"** कार्यक्रम सञ्चालन गरिनेछ।

५२. मानव सभ्यताको उद्गम स्थल तथा धार्मिक एवं साँस्कृतिक धरोहरको रुपमा रहेका प्रदेश भित्रका सम्पूर्ण नदीनालाको पहिचान गरी स्वच्छ, स्वस्थ र जीवन्त बनाउने अभियानका साथ महुली, बलान, कमला, जलाध, रातु, बागमती, सिर्सिया लगायतका नदीहरुको संरक्षण र सम्वर्द्धनका लागि संघीय सरकार तथा स्थानीय तहसँग समन्वय गरी **"प्रदेश प्रमुख नदीनाला नियन्त्रण तथा जल संरक्षण"**कार्यक्रम अन्तर्गत सबै नदी प्रणालीहरुको सरसफाइ तथा प्राकृतिक बहाव पुनर्स्थापना गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

५३. **"मुख्यमन्त्री हरित प्रदेश अभियान"** अन्तर्गत प्रदेश भित्रका खाली सरकारी, सार्वजनिक जग्गा, नदी उकास, नहर, सडक किनारा एवम् तटबन्ध लगायतका स्थानमा वातावरणीय महत्वका बहुउपयोगी बोटबिरुवाको बृहत् बृक्षारोपण (पूर्व-पश्चिम र उत्तर-दक्षिण) गरी हरियाली प्रवर्द्धन गर्दै कार्बन सञ्चितिकरणमा अभिवृद्धि गरिनेछ।प्रति विरुवा रोपी हुर्काए पश्चात उत्पादनमा आधारित अनुदान सहयोग दिईनेछ।

५४. **"जहाँ बाटो त्यहाँ रुख, त्यसले ल्याउँछ परम सुख"**को नारालाई सार्थक बनाउन स्थानीय तह समेतको समन्वय र सहकार्यमा ग्रामीण तथा शहरी वन विकासको कार्यक्रम ल्याईनेछ।

५५. समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत निजी, सार्वजनिक तथा राष्ट्रिय वनको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम विकास मार्फत वनक्षेत्रबाट उल्लेखनीय रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरिनुका साथै व्यवसायीकरण हुन सक्ने जडीबुटी एवं गैह्रकाष्ठ वन पैदावारहरुको पकेट क्षेत्र पहिचान गरी खेती प्रविधिको विकास, विस्तार र प्रशोधन उद्योग स्थापना गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

५६. विभिन्न बहुउपयोगी प्रजातिहरुको बहुवर्षिय बिरुवा उत्पादन तथा वितरण गर्न प्रत्येक जिल्लामा स्थापित नर्सरीलाई व्यवस्थापन गरिनुका साथै प्रत्येक पालिकामा एउटा वन नर्सरी स्थापना तथा संचालन गरिनेछ।निजी क्षेत्रद्वारा स्थापित निजी नर्सरीहरुलाई बिरुवाहरु उत्पादन तथा वितरण गर्न प्रोत्साहित गरिनेछ।राष्ट्रिय वृक्षारोपण दिवसको अवसरमा **"एक नागरिक एक बिरुवा"**वृक्षारोपण अभियानलाई निरन्तरता दिईनेछ।जन्मोत्सव, विवाहोत्सव लगायतका धार्मिक एवं सांस्कृतिक समारोहको अवसरमा वृक्षारोपण गर्ने कार्यलाई सामाजिक सचेतना कार्यक्रम मार्फत सञ्चालन गरिनेछ।

५७. वनक्षेत्रमा यान्त्रिकीकरण एवं आधुनिक प्रविधिको प्रयोग गरी वन डढेलो रोकथाम, वन सीमाङ्कन तथा वन अतिक्रमण नियन्त्रण कार्यक्रमलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। सिंगै रुख उखेली स्थानान्तरण गर्न Tree Spade Truck लगायतका उपकरण खरीद गरि हरित उत्थानशील एवं समावेशी विकासमा जोड दिइनेछ।

५८. जैविक विविधताको दृष्टिकोणले महत्त्वपूर्ण वनक्षेत्र, सिमसार क्षेत्र वा अन्य भौगोलिक क्षेत्रलाई पर्यावरणीय दृष्टिकोणले हटस्पट संरक्षण तथा व्यवस्थापन कार्यक्रमलाई निरन्तरता दिईनेछ।वर, पिपल, सतिसाल, पाखुरी, डुमरी, महुवा, खमारी, जामुन, बेत, ईमली लगायतका रैथाने र लोपोन्मुख वनस्पतिको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।

५९. मानव-वन्यजन्तु सह-अस्तित्व कायम गर्ने गरी जैविक मार्गको पहिचान, व्यवस्थापन र क्षति न्यूनीकरण गर्न कार्यक्रम सञ्चालन गरिनेछ ।मधेश प्रदेशको जैविक विविधता अध्ययन एवम् पार्श्वचित्र तयारी गरिनेछ।

६०. प्रदेश भित्र रहेका संघीय सरकार अन्तर्गतका वनक्षेत्रसंग सम्बन्धित निकायहरुसँग समन्वय तथा सहकार्य गरी कार्यक्रम संचालन गरी जैविक विविधताको संरक्षण, पर्यापर्यटन अभिवृद्धि गरी रोजगारी सिर्जना गरिनेछ।

६१. **"हरित शहर, स्वच्छ शहर" अन्तर्गत प्रदेश राजधानी लगायतका शहरहरुमा** सघन बृक्षारोपण गरी शहरी वनको विकास तथा वातावरणमैत्रीउद्यान निर्माण कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६२. प्रदेशवासीहरुलाई काठ दाउराको सहज आपूर्ति व्यवस्था मिलाउन नेपाल वन निगम लिमिटेडसँग समन्वय र सहकार्य गरी आवश्यकतानुसार वन पैदावार बिक्री वितरण डिपो स्थापना तथा संचालन गरिनेछ।

६३. पारिस्थितिकीय प्रणाली (Ecosystem) तथा पर्यटकीय महत्त्वका सिमसार, जलाशय, ताल, पोखरी लगायतको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।

६४. वातावरणीय अध्ययन प्रतिबेदनको प्रभावकारी कार्यान्वयनको लागि मापदण्ड पालनाको अनुगमन गरिनेछ। सरोकारवालाहरु माझ विद्यमान ऐन, नीति, नियम बारे सचेतनामूलक एवम् अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

६५. वन अनुसन्धान तथा प्रशिक्षण केन्द्रलाई Center of Excellenceको रुपमा विकास गरी वन, वातावरण, जैविक विविधता तथा जलाधार व्यवस्थापनको कार्यलाई अनुसन्धानमूलक,तथ्यपरक बनाईनुका साथैजनशक्तिको दक्षतामा अभिवृद्धि हुने कार्यक्रम सञ्चालन गरिनेछ।

## माननीय सदस्यहरु,

६६. पहिचान भएका प्रदेश लोकमार्ग प्रदेश सहायक मार्ग ,तथा सडक पूलहरुको विस्तृत इन्भेन्टरी तयार गरि PRNMP(ProvincialRoadNetworkMasterPlan) तयार गरिनेछ।

६७. प्रादेशिक सडक सन्तुलित तथा योजनाबद्ध रुपमा निर्माणको लागि"**एक निर्वाचन क्षेत्र एकसडककार्यक्रम**"अन्तर्गतप्रत्येक निर्वाचनक्षेत्रमा ५-५ कि.मि. का दरले नयाँ थप ३२० कि. मि. सडकहरु कालोपत्रे गरिने गरि यस कार्यक्रमलाई निरन्तरता दिईनेछ।

६८. प्रादेशिक सडक संजाल गुरुयोजना(Provincial Road Network Master plan)अन्तर्गतका सडकमा पर्ने तथा अन्य महत्वपूर्ण नदि तथा खोलाहरुमा "**एक निर्वाचन क्षेत्र एक पक्कि पूल निर्माण कार्यक्रम**" अन्तर्गत आबश्यकता अनुसार पूल निर्माण गरिनेछ ।

६९. भौतिक पूर्वाधार विकास मन्त्रालयबाट संचालित सार्बजनिक निर्माणका कार्यहरुमा प्रचलित कानुन अनुसार प्रतिस्पर्धात्मक माध्यम र पार्दशिताको नीति अपनाई अनिवार्य रुपमा सम्पादन गरिनेछ ।

७०. संघीय सरकारबाट प्राप्त हुने समानिकरण, सशर्त, समपूरक र बिशेष अनुदानबाट संचालित योजनाहरुलाई बहुबर्षिय खरिद गुरुयोजना तयार गरि अनुदान बढाउन पहल गरीनेछ।

७१. संघीय सरकारबाट प्राप्त हुने बिभिन्न अनुदान र हस्तान्तरण गरिएका योजनाहरु सम्पन्न गर्नका लागि संघिय सरकारबाट आबश्यक बजेट बिनियोजन गर्न पहल गरि समयमा नै प्रदेश सरकार बाट योजना सम्पन्न गर्न जोड दिईनेछ।

७२. स्थानीय तहहरुकाकेन्द्रहरुलाई प्रदेश राजधानीसँग पक्की सडक संजाल मार्फतजोडनको लागि संघीय सरकार तथा बैदेशिक सहयोगमा **"प्रादेशिक तथा स्थानीय सडक सुधार कार्यक्रम"** संचालन गरिरणनीतिक सडक नेटवर्क )Strategic Road Network (SRN) र Provincial Road Network (PRNसंग जोडीनेछ ( ।

७३. पर्सा जिल्ला देखि सप्तरी जिल्ला जोडने प्रदेश गौरबको रुपमा रहेको **"मधेश शहिद लोकमार्ग"**को निर्माण कार्यको लागि प्रदेश सरकार, दातृ निकाय तथा संघ सरकारको संयुक्त सहयोगमा निर्माण कार्यक्रम अगाडी बढाइनेछ।

७४. स्थानीय तथा प्रादेशिक झोलुङ्गे पूल निर्माण तथा झोलुङ्गे पूल लाई प्राविधिक सहयोग उपलब्ध गराउन "प्रादेशिक प्राविधिक सहयोग प्रदायक " लाई निरन्तरता दिदै तत्काल सडक पूल निर्माण गर्न नसकिने स्थानहरुमा झोलुङ्गे पूल सम्बन्धी अध्ययन गरि निर्माण कार्यलाई अगाडी बढाईनेछ । साथै स्थानीय तहबाट निर्माण गरिने झोलुङ्गे पूल अध्ययन गरी सम्भाव्यताका आधारमा निर्माण गर्दै जाने नीति लिइनेछ ।

७५. प्रादेशिक सडकहरुको स्तरोन्नति तथा संरक्षण गर्न **"मनमोहन प्रादेशिक सडक कार्यक्रम"** को थालनी गरिनेछ।

७६. **"सडक मर्मत सम्भार दिगो सडकको आधार"**अनुसार प्रादेशिक सडकहरुको नियमित आवधिकतथा आकस्मिक मर्मत सम्भार कार्यलाई योजनावद्ध ढंगबाट कार्यान्वयन गर्न प्राथमिकता दिईनेछ।

७७. प्रादेशिक सडक सन्जाल गुरु योजना (PRNMP) मा समाबेश भएका प्रदेश स्तरीय सडकहरु लाई प्राथमिकता निर्धारण गरि क्रमशः कार्यान्वयन गरिनेछ ।

७८. प्रादेशिक सडक निर्माण ,मर्मतसम्भार तथा विस्तार गर्ने सम्बन्धमा बनेको **"प्रादेशिक सडक ऐन२०७६ ,"** कार्यान्वयन गर्न प्रादेशिक सडक नियमावली तथा प्रदेश स्तरीय सडक मापदण्ड निर्धारण गरि लागु गरिनेछ।

७९. गुणस्तरीय पूर्वाधार निर्माणका लागीसबै जिल्लामा निर्माण सामाग्री परिक्षणको लागि स्थापित प्रयोगशालाहरुलाई आधुनिकीकरण गरी व्यवस्थित गरिनेछ साथै प्रदेशस्तरीय प्रादेशिक सुबिधा सम्पन्न परीक्षण प्रयोगशाला तथा अनुसन्धान केन्द्र स्थापना गरी गुणस्तरिय तथा दिगो पूर्वाधार निर्माण कार्यमा जोड दिइने नीति लिइनेछ।

८०. सडक दुर्घटना न्यूनीकरण तथा सडक सौन्दर्यको लागि **"सडक सुरक्षा तथा सौन्दर्यकरण कार्यक्रम"** संचालन गरिनेछ।

८१. सडक पूर्वाधार निर्माण गर्दा जलबायु परिवर्तनका प्रभावहरुलाई न्यूनीकरण तथा अनुकुलनका लागि वृक्षारोपण मार्फत उत्थानशिल विकासका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ।

८२. मधेश प्रदेश भित्रका एक जिल्ला देखि अर्को जिल्ला जोडने र एक पालिका देखि अर्को पालिका जोडने सडक तथा पुल छनौट गरि प्राथमिकताका साथ कार्यान्वयन गर्दै स्थानीय चक्रपथ निर्माण कार्यक्रम संचालन गरिनेछ ।

८३. प्रदेश सरकारबाट निर्माण हुने सामुदायिक भवनहरु एवम् सडक तथा पुलहरुमा साथै प्रदेश सरकार इंगीत होर्डिंग बोर्ड राखिनेछ।

८४. प्रत्येक जिल्लामा नमुना बस्ती विकास कार्यक्रम संचालन गरिनेछ र जिल्ला स्तरीय बहुउद्देशीय सभाहल निर्माण गरिनेछ।

८५. प्रदेश सरकारको प्रशासनिक भवन निर्माण तथा मातहतका कार्यालयहरुको भबन निर्माणलाई प्राथमिकता दिई अगाडी बढाइनेछ। साथै प्रादेशिक मौलिकता झल्किने गरि निर्माण गरिने भौतिक संरचनाहरु लैंगिकमैत्री अपांगमैत्री र ,बालमैत्री बनाउन विशेष जोड दिइनेछ ।

८६. स्वच्छता अभियान अन्तर्गतका क्रमागत योजनाहरुलाई क्रमश ब्यबस्थापन गर्दै जाने नीति लिइनेछ।

**माननीय सदस्यहरु,**

८७. व्यवसायिकरण, यान्त्रिकिकरण, विविधिकरण, आधुनिकीकरण र औद्योगिकीकरणको माध्यमवाट कृषि क्षेत्रको विकास र विस्तार गर्दै प्रतिस्पर्धी नाफामूलक र आत्मनिर्भर बनाई रोजगारी सिर्जना, गरिबी न्यूनीकरण र खाद्य तथा पोषण सुरक्षामा टेवा पुर्याईनेछ ।

८८. **कृषिको मुख्य आधार, माटोको स्वास्थ्य सुधार** भन्ने अभियान सञ्चालन गरि किसानहरुलाई प्राङगारिक खेति तर्फ आकर्षित गरिने नीति लिइनेछ।

८९. धान, गहुँ, तेलहन, दलहनवालीको बीउमा प्रदेशलाई आत्मनिर्भर बनाउन बिज बृद्धि आत्मनिर्भर कार्यक्रमसंचालन गरिनेछ ।

९०. किसानको वारी स्वयंसेवकको छहारीको सोचलाई सार्थक तुल्याउन**महिला कृषि स्वयंसेविका** कार्यक्रम संचालनमा ल्याईनेछ ।

९१. हरवा चरवा, विपन्न,गरिब,भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकहरु,एकल महिला,विभिन्न आन्दोलनका सहिद र घाइते परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुऱ्याउन स्वरोजगारमूलक विशेष कार्यक्रम संचालन गरिनेछ ।

९२. कृषि पशुपन्छी र मत्स्य क्षेत्रमा रोग किराहरुवाट हुने हानी नोक्सानीलाई न्यूनीकरण गर्न **द्रुत प्रतिकार्य टोली** गठन र परिचालन गर्ने व्यवस्था मिलाइनेछ।

९३. माछा पालन तथा मत्स्य बीज व्यवसायलाई दिगो व्यवस्थापन गर्न उत्पादन देखि बजारीकरण सम्म मूल्य श्रृंखलामा आधारित विशेष परियोजना संचालनमा ल्याईनेछ।

९४. कृषि, पशुपन्छी तथा मत्स्यको उत्पादन र उत्पादकत्व वृद्धि गर्न र अनुदान कार्यक्रमलाइ व्यवस्थित बनाउन **विउ पूँजी**कार्यक्रम संचालन गरिनेछ ।

९५. कृषि उपजहरुको भण्डारण गरी गुणस्तर कायम गर्न विगत वर्ष देखि सम्झौता भई निर्माणको चरणमा रहेको शीत भण्डारणको कार्य सम्पन्न गरी संचालनमा ल्याइनेछ।

९६. खोरेत रोगन्यूनीकरणको लागि निश्चित स्थानलाई ZoningरCompartmentalizationगरि खोप कार्यक्रम संचालन को माध्यमबाट प्रदेशलाई **खोरेतरोग मुक्त** वनाउने कार्यको थालनी गरिनेछ।

९७. उखुको उत्पादन र उत्पादकत्व बृद्धि गर्न उत्पादन समाग्रि जस्तै उच्च जातको उखुको वेर्ना, मल, विउ, यन्त्र उपकरण, सिचाइ लगायतको सुनिश्चितताका गरिनेछ।

९८. कृषि, पशुपन्छी र मत्स्यक्षेत्रहरुको प्रवर्द्धनका लागि **एक पालिका एक कृषि उत्कृष्टता केन्द्र(Excellency center)**को स्थापना गरिनेछ ।

९९. **कृषिमा यन्त्र उपकरण प्रयोग, उत्पादन बृद्धिमा सहयोग**पुर्याउन **कस्टम हायरिङ् सेन्टरको** स्थापना गर्दै लगिनेछ ।

१००. मूल्य श्रृंखलामा आधारित रही आँप तथा केराको प्रशोधन, विविधिकरण र बजारिकरणका लागि विशेष कार्यक्रम संचालन गरिनेछ ।

## माननीय सदस्यहरु,

१०१. सुरक्षित मातृत्व तथा नबजात शिशु स्वास्थ्यको लागि स्थानीय तहहरुमा आवश्यकता अनुसार Strategic location मा सुविधा सम्पन्न बर्थिंग सेन्टरहरू संचालन गर्न पहल गरिनुका साथै घरमा सुत्केरी हुने सङ्ख्यालाई शून्यमा झार्ने अभियान संचालन गरिनेछ।

१०२. जेष्ठ नागरिकलाई सर्वसुलभ रुपमा स्वास्थ्य सेवा उपलव्ध गराउन सरकारी अस्पतालहरुमा विरामी दर्ता गर्दा शुल्क नलाग्ने तथा प्रदेश जनस्वास्थ्य प्रयोगशाला र प्रादेशिक अस्पतालहरुमा परिक्षण गराउदा लाग्ने शुल्कमा निश्चित रकम छुट दिइने नीति लिइनेछ ।

१०३. रक्तचाप, मधुमेह तथा अन्य नसर्ने रोगको प्राथमिक परीक्षण तथा सचेतना वृद्धिका लागि पालिकाहरुसंगको सहकार्यमा **मुख्यमन्त्री घरदैलो स्वास्थ्य सेवा कार्यक्रम**" सन्चालन गरिनेछ।

१०४. स्थानीय तहको सिफारिसमा दलित तथा विपन्न वर्गलाई प्रदेश सरकार मातहतका सरकारी अस्पतालमा निःशुल्क उपचारको व्यस्था मिलाइने छ । साथै दलित तथा विपन्न

वर्ग, जेष्ठ नागरिक, अपाङ्ग, एकल महिलाहरुको स्वास्थ्यलाई मध्यनजर गरि स्वास्थ्य सुधारको लागि **"मुख्यमन्त्री स्वास्थ्य सुधार कार्यक्रम**"सन्चालनगरिनेछ।

१०५. मधेश प्रदेशमा नसर्ने रोग तथा मानसिक रोगकोभार बढ्दो अवस्थामा रहेकाले सामुदाय स्तरमा अनुसन्धान (Community NCD and Mental Health Survey) गरि यसको न्युनिकरण गर्न प्रभावकारी कार्यक्रम संचालन गरिने छ।

१०६. किटजन्य तथा उष्णप्रदेशीय रोगहरु(मलेरीया, फाईलेरीया, कालाजार, क्षयरोग, कुष्ठरोग डेंगु आदि) लगायतका रोगको रोकथाम, नियन्त्रण एवं निवारणका लागि प्रभावकारी कार्यक्रमहरू संचालन गरिनेछ ।

१०७. मधेश प्रदेश अन्तर्गतका अस्पतालहरुवाट **निःशुल्क रगत तथा रगतजन्य सेवाको** ब्यवस्था एवंम विस्तार गरिनेछ ।

१०८. स्वास्थ्य सेवालाई थप विस्तार गर्न "मेरोस्वास्थ्य – मेरो जिम्मेवारी" भन्ने नाराका साथ हरेक पालिकासँगको समन्वयमा नागरिक आरोग्य सेवा केन्द्र (citizen wellbeing center) स्थापना गरि "स्वस्थ नागरिक समृद्ध प्रदेशको अभियान संचालन गरिनेछ।

१०९. एलोप्याथी, आयुर्बेद, होमियोप्याथी, प्राकृतिक चिकित्सा एवं अन्य बैकल्पिक चिकित्सा सेवा एकीकृत तथा एकद्वार प्रणालीबाट उपलब्ध हुने व्यवस्था मिलाइनेछ ।

११०. सुर्तीजन्य पदार्थ, मादक पदार्थ सेवन तथा लागू औषधि दुर्व्यसन न्यूनीकरण गर्न विशेष नीति ल्याई कार्यान्वयनमा ल्याईनेछ र लागु पदार्थको दुर्व्यसनमा परेकाहरूका लागी प्रत्येक जिल्लामा Oral Substitutional Therapy (OST) सहित पुनर्स्थापना केन्द्र संचालन तथा विस्तार गरिने छ ।

१११. प्रदेश भित्र संचालनमा रहेका फार्मेसि सेवालाई नियमित अनुगमन तथा मुल्यांकन गरी गुणस्तरीय फार्मेसी सेवा सुनिश्चितता गर्नुको साथै प्रदेश मातहतका सबै प्रदेशिक अस्पतालहरुमा फार्मेसि सेवालाई थप व्यवस्थित र विस्तार गरिने छ ।

११२. प्रदेश स्वास्थ्य आपतकालिन कार्य संचालन केन्द्र तथा एम्वुलेंस प्रेषण केन्द्रलाई प्रविधिमैत्री बनाउदै सेवालाईब्यवस्थित गरिनेछ।

११३. प्रादेशिक अस्पताल, स्वास्थ्य कार्यालयहरु तथा आयुर्बेद तथा बैकल्पिक चिकित्सालयबाट प्रवाह हुने सेवालाई व्यवस्थित गर्न आधुनिक र प्रविधिमैत्रि बनाउदै क्रमशः पुर्ण Digitalize पद्धतिको बिकास गरिनेछ

११४. मधेश प्रदेशका जनता अहिले पनि प्रतिजैविक औषधीको दुरुपयोग न्युनीकरणगर्न मधेश प्रदेश सरकारले प्रदेशको बिभिन्न स्थानिय तहहरुमा प्रतिजैविक औषधी सम्बन्धी जनचेतनामुलक कार्यक्रम सन्चालन गरिनेछ।

११५. प्रदेशस्तरमा चालु वर्षमा संचालन भएको वा हुने महिला तथा बाल अस्पताल, धनकौल, सर्लाही, डुमरिया अस्पताल, धनुषा, पोखरिया अस्पताल, पर्सा, भारदह अस्पताल, सप्तरी, ट्रमा सेन्टर, पथलैया, बारा र गोलबजार, सिरहा, सरुवा रोग अस्पताल, झिटकैया,

बारा, महेन्द्र गेनाई स्मृति प्रसुति तथा बालकल्याण अस्पताल, धनगढीमाई, सिरहा लगायतका अस्पतालहरु स्थापना तथा सन्चालनकार्यलाई निरन्तरता दिने निति लिएको छ।

११६. प्रादेशिक अस्पतालहरु एवम् प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकत्सालयहरुको वृहत विस्तृत परियोजना रिपोर्ट एवम् निर्माण तथा विस्तृत संगठन व्यवस्थापन सर्वेक्षण गरी सुविधा सम्पन्न अस्पतालको रुपमा विकास गरिनेछ।

११७. मधेश प्रदेशका सरकारी अस्पतालहरुमा चिकित्सक एवम् स्वास्थ्यकर्मीहरुको मनोबल र उत्प्रेरणा बढाउन विशेष प्रोत्साहन कार्यक्रम संचालन गरिनेछ।

११८. प्रदेश स्तरका सवै अस्पतालहरुमा अस्पताल जन्य फोहोर व्यवस्थापनको लागि प्रदेश सरकारको प्राथमिकतामा राखि प्रभावकारी कार्यन्वयन तथा समुचित प्रवन्ध गर्न फोहोर व्यवस्थापन प्लान्ट स्थापना तथा संचालनगरिनेछ।

११९. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान तथा सहजिकरणगर्न प्रदेश अन्तर्गत रहेका स्वास्थ्य क्षेत्र अनुगमन तथ मुल्यांकन समुह (Health Sector Monitoring and Evaluation Technical working group ) लाई थप ब्यबस्थित गरी निरन्तर कार्यान्वयन गरिनेछ ।

१२०. खोप, महिला स्वास्थ्य सेवा, सरूवा रोग सम्बन्धी सेवा, नसर्ने रोग सम्बन्धी सेवा, आरोग्य सेवा लगायतका आधारभूत एवम् विशेष स्वास्थ्य सेवाहरुलाई व्यवस्थित गर्न स्थानीय तहसँग नियमित समन्वय र सहकार्य गरि प्रभावकारी तथा नियमित अनुगमन गरिने छ ।

१२१. प्रदेश सरकारको गौरवको आयोजनाको रुपमा रहेका मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान,प्रादेशिक अस्पताललाई अगामी वर्षमा ५०० शैयाको अस्पतालमा स्तरोन्नति गरिनेछ।उक्त प्रतिष्ठानमा हाल संचालनमा शैक्षिक कार्यक्रमहरुमा अगामी वर्षमा एम.बी.बी.एस., बी.डि.एस., बी. फार्मेसी, बी.एम.एल.टी. लगायतका स्नातक कार्यक्रमहरु संचालन गर्न आवश्यक हुने पूर्वाधारलाई थप बिस्तार तथा व्यवस्थापन गरिदै लगिने छ ।

१२२. मधेश प्रदेशका विभिन्न स्थानमा सुविधा सम्पन्न क्यान्सर अस्पताल, जलन केन्द्र, मुटु रोग, ट्रमा तथा स्नायु रोग सेन्टर, मृगौला ट्रान्सप्लान्ट, मानसिक रोग तथा जेरियाट्रिक अस्पताल लगायतका विशिष्टीकृत सेवाहरु वहुवर्षीय परियोजनाको रुपमा संचालनमा ल्याइनेछ।

१२३. मधेश प्रदेशलाई आयुर्वेदिक औषधीहरुमा आत्मनिर्भर बनाउन तथा अन्य प्रदेशमा निर्यात गर्न धनुषाको हंसपुरमा जडीबुटी उत्पादन र प्रशोधन केन्द्र स्थापना र संचालन गरिनेछ।

१२४. सवै नागरिकलाई सर्वव्यापी स्वास्थ्य सेवाको पहुँचको सुनिश्चितता गर्नप्रदेश भित्रका सबै प्रादेशिक अस्पतालहरु, आयुर्वेद चिकित्सालय एवम् स्वास्थ्य बीमा कार्यक्रम संचालन गर्न चाहने निजी अस्पतालहरुमा समेत स्वास्थ्य बिमा कार्यक्रम प्रभावकारी रुपमा विस्तार गरी जनसमुदायको सहभागिता अभिवृद्धि गरिनेछ।

१२५. सबै प्रादेशिक आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरुमा अन्तरंग सेवा, पञ्चकर्म, मर्म चिकित्सा, अग्नि कर्म, क्षारकर्म, जलौकावचरण (Leech Therapy) , ल्याब सेवा, फार्मेसी

सेवा, होमियोप्याथी सेवा, प्राकृतिक चिकित्सा, अक्युपञ्चर सेवा, नमुना जडीबुटी उद्यान लगायतका सेवाहरु विस्तार गर्न संगठन संरचना विस्तार गरिनेछ।

१२६. प्रदेशस्तरीय स्वास्थ्य अनुसन्धान केन्द्र, संचालन तथा व्यवस्थापन गरी जनस्वास्थ्य समस्याका रुपमा रहेका रोगहरुको अनुसन्धान गर्दै तथ्य र प्रमाणमा आधारित नीति तथा कार्यक्रम तर्जुमाको नीति लिइनेछ।

१२७. प्रदेश स्थित प्रादेशिक अस्पताल लगायत आयुर्वेदिक तथा वैकल्पिक चिकित्सालयहरुमा समेत न्युनतम सेवा मापदण्ड प्रणाली (MSS लागु गरिनेछ।

१२८. हाल संचालनमा रहेका पोषण पुनर्स्थापना गृह, क्षयरोग होस्टेलको सुदृढीकरण गर्दैप्रत्येक प्रादेशिक अस्पतालहरुमा विस्तार गरिनेछ।

१२९. स्वास्थ्य क्षेत्रमा कार्यरत रहेका विभिन्न विकास साझेदार संस्थाहरुको भूमिकालाई उपयोगी र प्रभावकारी वनाउन कार्यक्षेत्र निर्धारण तथा परिचालनका लागि मापदण्ड बनाइ कार्यान्वयन ल्याइनेछ।

१३०. दीर्घ तथा कडा रोगीको लागि प्रदान गरिदै आइरहेको उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

१३१. सवै पालिकाहरुमा स्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको अभिलेखन तथा प्रतिवेदनलाई पूर्ण रुपमा डिजिटलाइज्ड गर्न थप व्यवस्था मिलाइनेछ।

१३२. वातावरणीय प्रदुषण, विपद् महामारी तथा जलवायु परिवर्तनले मानव स्वास्थ्यमा पारेको प्रभावको अध्ययन अनुसन्धानलाई प्राथमिकतामा राख्दै जोखिम न्युनीकरण एवम् वातावरणीय स्वास्थ्यको प्रवर्द्धन गर्ने स्वास्थ्य सुरक्षा नीति लिइनेछ।

१३३. मधेश प्रदेशमा मोतियाविन्दु, आङ खस्ने, हाइड्रोसिल, जलन भएका र जन्मजात तालु, ओठ फाटेका, एवम् हातखुट्टा बाङ्गोव्यक्तिहरुको प्लाष्टिक सर्जरी लगायतका स्वास्थ्य समस्याहरुको लागि स्वास्थ्य शिविर संचालन गरिनेछ।

१३४. थालेसिमिया, सिकल सेल ऐनेमिया, हेमोफिलिया लगायतका दुर्लभ रोगहरुको बिरामीहरुको लागि उपचार सहजिकरण गराउन हरेक प्रादेशिक अस्पतालमा छुट्टै वार्डको व्यवस्था सहित निःशुल्क उपचारको व्यवस्था गरिनेछ।

## माननीय सदस्यहरु,

१३५. शिवालिक-चुरे क्षेत्रभित्रका नदीहरुलाई एक आपसमा जोड्ने योजना(River Linking Project ) को अध्ययन अनुसन्धान गरी सम्भाव्य भएका बहुउद्देश्यीय आयोजना (खानेपानी, सिंचाई नहर, भूमिगत जल पुनर्भरण, पर्यटन प्रवर्द्धन, लघु जलविद्युत समेत) लाई उच्च प्राथमिकतामा राखी प्रदेश गौरवको आयोजनाको रूपमा कार्यान्वयन गरिने छ।

१३६. सौर्य ऊर्जाबाट संचालन हुने भूमिगत सिंचाई कार्यक्रमलाई नगदेवालीको प्रवर्द्धन गर्न किसान केन्द्रित कार्यक्रमको रूपमा आवश्यकता पहिचान गरी कार्यान्वयन गरिने छ।

१३७. मधेशका महिलाहरुको दैनिक आवश्यक सम्बोधन गरी जीवन यापन सहज गर्न "मुख्यमन्त्री महिला उज्जवला कार्यक्रम" संचालन गरिनेछ ।

१३८. जलवायु परिवर्तनको प्रभावलाई न्यूनीकरण गर्न हरित ग्याँसको खपतलाई कम गर्नको निम्ति मधेश प्रदेशभित्र वातावरणमैत्री विद्युतिय सावरी साधनको प्रयोगलाई बढाउने उद्देश्य राखी प्रदेशभित्रको पूर्व पश्चिम राजमार्ग र हुलाकी राजमार्गमा क्रमिक रुपमा चार्जिगंस्टेशन स्थापना गरिने छ।

१३९. सौर्य ऊर्जा संकलनका लागि सोलार प्यानेल सेटहरू जडान गरी उत्पादित विद्युतिय ऊर्जालाई राष्ट्रिय प्रसारणलाईनमा जोडिने छ। वैकल्पिक ऊर्जा तथा अन्य नविकरणिय स्रोतहरुलाई समेत प्रोत्साहन तथा प्रवर्द्धन गरिने छ ।

१४०. सतह सिंचाईमा पहुँच नभएकाखेतीयोग्य जग्गाहरू तथा नगदेबाली सम्भाव्य क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा नविन प्रविधिमा आधारित सिंचाई कार्यक्रमहरुसंचालन गरिनेछ ।

१४१. गत विगतमा निर्माण भएका सिंचाई प्रणालीहरुलाई प्रभावकारी सिंञ्चित क्षेत्र विकास कार्यक्रम संचालन गरिने छ ।

१४२. मधेशमा वर्षायाममा हुने डुबान, कटान, बाढी, पहिरो तथा भूक्षय भई खेतीयोग्य जग्गाहरू मासिंदै जाने भएकोले सो को नियन्त्रणका लागि विभिन्न सरोकारवालाहरुसँगको समन्वय रसहकार्यमा नियन्त्रण तथा संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१४३. जलवायु परिवर्तन प्रभावका कारण यस प्रदेशको भूमिगत जलस्रोतमा भईरहेको ह्रासलाई न्यूनिकरण गर्न "Ground Water Recharge to Discharge"अवधारणालाई नाराको रुपमा मूर्तरुप दिईभूमिगत जलश्रोतको संरक्षण तथा पुनर्भरण कार्यलाई उच्च प्राथमिकतामा राखिने छ। वर्षातकोपानी संकलन तथासंरक्षण पोखरी निर्माण कार्यलाई विशेष ध्यान दिईने छ। भूमिगत जलस्रोतको अतिदोहनलाई निरुत्साहित गरिने छ। भूमिगत जलश्रोतको वैज्ञानिक उपयोगलाई प्रवर्द्धन गर्न भूमिगत जलश्रोतको अध्ययन तथा अनुसन्धान कार्य(Ground Water Mapping and Recharge Zoning) लाई प्राथमिकतामा राखिने छ ।

१४४. पूर्व पश्चिम राजमार्गको समानान्तर रहेको वन-जंगलमा हुने आगलागीबाट वनजंगललाई जोगाउन र सुक्खायाममा जंगली जनावरहरुलाई समेत पिउने पानी उपलब्ध हुने नीतिगत व्यवस्था मिलाइनेछ।

१४५. स्वच्छ र सुरक्षित खानेपानी आपुर्तिमा आम जनताको पहुँचलाई बढाउन निर्माणाधिन वा अधुरो खानेपानी योजनाका ओभरहेड टंकी तथा बोरिगंलाई संचालनमा ल्याउने कार्यलाई उच्च प्राथमिकतामा राखिने छ।

१४६. स्वच्छ खानेपानी, सरसफाई एवम् स्वच्छता प्रवर्द्धन गर्न सूचना व्यवस्थापनका साथै दिगो वातावरणीय सरसफाईका कार्यक्रमलाई अगाडि बढाइनेछ ।

१४७. जनशक्तिको क्षमता अभिवृद्धिका साथै खानेपानीको गुणस्तर परिक्षणका लागि प्रदेशस्तरीय खानेपानी गुणस्तर परीक्षण प्रयोगशाला स्थापना गर्ने र निर्माणमा प्रयोग हुने साम्रगीहरुको

लागि प्रदेशस्तरीय निर्माण सामाग्री परिक्षण प्रयोगशाला स्थापना गर्ने कार्यलाई उच्च प्राथमिकता साथ कार्यान्वयनमा लागिनेछ।

## माननीय सदस्यहरु,

१४८. "शिक्षा तथा शैक्षिक संस्था सुधारका लागि मेरो विद्यालय मेरो जिम्मेवारी" अवधारणा सहित मधेश प्रदेशमा प्राविधिक विद्यालयलाई व्यवस्थापनमा सहयोग गर्न कन्या आवासीय कलेज स्थापना गरिनेछ।

१४९. "एक पालिका, एक उत्कृष्ट शिक्षक अभियान","बेटी पढाउ बेटी बचाउ अभियान",दलित विपन्न तथा जेहेन्दार विद्यार्थीका लागि छात्रबृतिको व्यवस्था, डोम, मुसहर, चमार, दुषाध र हलखोर जातिका बालबालिकाहरुलाई विजक रकमको व्यवस्था, डोम र हलखार बालबालिकालाई विद्यालय भर्ना गराउदा विशेष प्रोत्साहनको व्यवस्था, बालमैत्री भौतिक तथा शैक्षिक वातावरण, अपाङ्गताको प्रकृति भएका विद्यालयहरुलाई सुदृढीकरण तथा गुणस्तरीय शिक्षाको लागि त्रिपक्षीय (विद्यार्थी, अभिभावक र शिक्षक) बिचको सम्बन्धलाई सम्बन्ध प्रभावकारी बनाउन **"मुख्यमन्त्री प्रदेश साक्षर अभियान"** सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ।

१५०. मधेश प्रदेश भित्रका भाषा, संस्कृति, परम्परा, कला, लोक गीत-संगीत, लोक नृत्य, नाटय, साहित्यको संरक्षण, सम्बर्द्धन तथा प्रबर्द्धन गर्न **"मधेश साँस्कृतिक प्रतिष्ठान"** स्थापना गरिनेछ।

१५१. दलित तथा आर्थिक रुपले विपन्न समुदायका लागि क्षमता अभिबृद्धि र आर्थिक उपार्जनका लागि सम्बन्धित निकाय संग समन्वय गरी सीपमूलक तालिमको व्यवस्था गरिनुको साथै प्रदेश भरीमा रहेका अर्धदक्ष तथा दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक नीतिगत, कानूनी, संस्थागत व्यवस्था सहितको प्रशिक्षण/सीप परिक्षण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ।

१५२. सामूदायिक क्याम्पसहरुको संस्थागत सुदृढीकरण गर्ने नीति सहित प्राविधिक तथा व्यावसायिक शिक्षा, विज्ञान प्रविधिको विकास, अनुसन्धान, नवप्रवर्द्धन र विकास गर्न कानूनी र संस्थागत विकास गर्दै मधेश प्रदेशका जिल्लाहरुमा खुला शैक्षिक पार्क तयार गर्ने नीति लिइनेछ रस्थापना गरिने छ।

१५३. संघीयताको विविध पक्षमा अध्ययन अनुसन्धान गर्न र यसको सवलीकरण लगायतको पक्षमा सहयोग गर्न मधेश विश्वविद्यालयमा Federalism विषयमा अध्ययन अध्यापन कार्य प्रारम्भ गरिनेछ।

**माननीय सदस्यहरु,**

१५४. उद्योग दर्ताको प्रक्रियालाई अनलाईनमार्फत गर्न सक्ने प्रणालीको व्यवस्थापन गरिनेछ।

१५५. ठुला उद्योगहरु स्थापनाका निम्ति लगानीमैत्री वातावरण सृजना गरि यस वर्ष "मधेश लगानी सम्मेलन" आयोजना सम्पन्न गरिनेछ।

१५६. कृषि, वन तथा पर्यटन सम्बन्धित उद्योगहरुमा आधुनिक प्रविधीको प्रयोग गरी रोजगारी सृजना गर्न सरकारी-निजि सह-लगानीको आधारमा उद्योगीहरुसंग सहकार्य एवं प्रोत्सहान गरिनेछ।

१५७. मदिरा, गिट्टिवालुवा(क्रसर),सिमेन्ट तथा ईटा लगायतका उद्योगहरुलाई व्यवस्थित र वातावरणमैत्री बनाउँदै लगिनेछ।

१५८. बारा र पर्सा जिल्लाको  बिरगंज औद्योगिक करिडोर लगायत यस प्रदेशका उद्योग क्षेत्रकोलागि चाहिने जनशक्ति स्थानीय स्तरमै बिकास गरि सो जनशक्तिलाई उद्योग क्षेत्रमा आपुर्तिको लागि उद्योगी तथा व्यवसायीसंग सहकार्य गरि गुणस्तरीय जनशक्ति व्यवस्थापन गरिनेछ।

१५९. हस्तकला उद्योगलाई प्रवर्द्धन गर्न मधेश प्रदेशका हरेक सरकारी कार्यालयहरुमा प्रदेशमै बनेका हस्तकलाका सामग्रीहरुउपहार समग्रीको रुपमा प्रयोग गर्नुपर्ने व्यवस्था गरीनेछ।

१६०. नयाँ उद्योगको निम्ति आवश्यक जग्गा प्राप्तीमा स्थानीय तह एवं सं-सस्थाहरुसंग समन्वय गरिनेछ।

१६१. यूवा उद्यमशिलता तथा रोजगारी अभिबृद्धि कार्यक्रम संचालन गरि यूवालाई तालिम, सीप, बिऊ, पुँजी (Seed Capital| Startup Capital)  प्रविधिर परामर्श सेवा उपलब्ध गराईनेछ।

१६२. बजार मुल्य तथा गुणस्तरको अनुगमन गरी उपभोक्ताको हितको संरक्षण सुनिश्चित  गर्दै वाणिज्य तथा आपुर्ती प्रणालीलाई प्रभावकारी बनाइनेछ।

**माननीय सदस्यहरु,**

१६३. मधेश प्रदेश पर्यटन प्रोफाईल वेब पेजनिर्माण गरी डिजिटल मार्केटिङ्गका माध्यमबाट मधेश प्रदेशका पर्यटकिय स्थलको विस्तृत जानकारी उपलब्ध हुने प्रबन्ध गरिनेछ।

१६४. भारतीय पर्यटकहरुलाई यस प्रदेशमा आकर्षण तथा सहजिकरणकालागि नाकाहरुको प्रबेश बिन्दुमा पर्यटन विश्राम स्थल निर्माण गरि  पर्यटन सहजिकरणका लागि QR Code plates, Map of Tourist navigation Boards , pamphlets, Tourist Guide तथा यतायातको प्रबन्धगरिअधिकतम पर्यटनहरुलाई भित्र्याईने तथा Indian tourist data management system स्थापना गरी संचासलनमा ल्याईनेछ।

१६५. यस प्रदेशका प्रमुख पर्यटकीय स्थलहरुनजिक पर्यटन सुविधाको लागि पर्यटनमैत्री सामुदायिक पर्यटन बिश्रामस्थल तथा  सुविधा सम्पन्न धर्मशाला निर्माण गरिनेछ।

१६६. ग्रामिण क्षेत्रमा पर्यटन बिकाशको लागि Agri- Tourism अवधारणालाई मुर्तरुप दिन Home-stay Tourism लाई प्रार्थमिकता दिई ठोस कर्यक्रम कार्यान्वयनमा ल्याईनेछ।

१६७. पर्यटकको बसाई अवधिलाई लामो बनाउनका लागि यस प्रदेशका पर्यटकिय सम्पदाको विबिधिकरण गरि धार्मिक, साँस्कृतिक, प्राकृतिक तथा वातावरणीय, ग्रामिण, ऐतिहासिक एवं पुरातात्विक पर्यटकिय सम्पदाहरुको विकास, संरक्षण एवं प्रवर्द्धन गरिनेछ।

१६८. हाईवे क्षेत्रमा क्यासिनो, नदिहरुमा साहसिक पर्यटन, चुरेक्षेत्रमा हाईकिङ्गतथा ट्रेकिङ्ग एवं मनोरञ्जनात्मक पर्यटन आदि जस्ता पर्यटन व्यवसायबाट Modern Tourism प्रवर्द्धन गरिने तथा मिथिला क्षेत्रमा धार्मिक, साँस्कृतिक एवं ग्रामीण पर्यटन पर्वद्धन गरिनेछ।

१६९. मधेश प्रदेश पर्यटन बोर्ड गठन गरी पर्यटन प्रवर्द्धन गर्न पर्यटन क्षेत्रमा प्राज्ञिक तथा अनुसन्धानात्मक एवं परामर्शदातृ संस्थाको रुपमा बिकास गरिनेछ।

१७०. मधेश प्रदेश पर्यटन गुरुयोजना निर्माण गरिनेछ। साथै पर्यटन क्षेत्रकालागि आवश्यक ऐन कानून, नियम, निर्देशिका तथा कार्यबिधि निर्माण गरि पर्यटनलाई दिगो र योजनाबद्ध बनाईनेछ।

१७१. जानकी मन्दिरलाई आकर्षक तथा पर्यटनमैत्री धार्मिक पर्यटकिय सम्पदाको रुपमा विकास गरि विश्व-सम्पदा सूचीमा सुचीकृत गर्न पहल गरिनेछ।

१७२. पर्सा राष्ट्रिय निकुञ्ज एवं कोशी टप्पु वन्यजन्तु आरक्षलाई वातावरणीय तथा प्राकृतिक एवं वन्यजन्तु पर्यटन स्थलको रुपमा बिकास गरिनेछ।

१७३. नेपालका बिभिन्न प्रदेशका पर्यटन सम्बन्धि नवप्रवर्तन तथा राम्रा अभ्यासहरुको अध्ययन गरि यस प्रदेशमा आन्तरिकिकरण गरिनेछ।

१७४. आगामि आर्थिक वर्ष २०८१|८२ लाई "घुमौं मधेश बुझौं मधेश" भन्ने मूल नाराका साथ 'मधेश प्रदेश पर्यटन वर्ष"घोषणा गरि नीजि क्षेत्रको सहकार्यमा धार्मिक, साँस्कृतिक, पर्या-पर्यटन, साहसिक पर्यटन, शैक्षिक तथा खेलकुद पर्यटन जस्ता पर्यटकिय नवीनआयामहरुको विकास र विस्तार गरिनेछ।

१७५. त्रेता युगकालिन परम्परालाई संस्थागत गर्ने उदेश्यले जनकपुरधामलाई संघ-प्रदेश बृहत्तर जनकपुररस्थानीय सरकारको समन्वयमा अन्तर्राष्ट्रिय वैवाहिक स्थलको रुपमा जनकपुरधामलाई विकास गर्ने नीति लिइनेछ ।

१७६. भारत दर्शन यात्री ट्रेनमा आउने यात्रीहरुलाई एकै ठाउमा ब्यबस्थापन हुने गरि सुबिधा सम्पन्न धर्मशाला निर्माणकार्य संध सरकारको सहकार्यमा यसै बर्ष सुरुवात गर्ने व्यवस्था मिलाइनेछ ।

१७७. जनकपुरधाममा हुनेविवाहपंचमि, माध्यमिकि परिक्रमालाई ब्यबस्थित गर्न नेपालमा रहेको ११ वटा विश्रामस्थलहरुको भौतिक संरचना व्यवस्थापन एवं सो को अन्तराष्ट्रियकरण गरिनेछ।।

१७८. प्रदेश भित्र पर्या-पर्यटन अभिवृद्धि गर्न शहिद राम मनोहर यादव पार्क (सप्तरी), वावा साहेव अम्वेडकर पार्क (सिरहा), मधेश इतिहास पार्क, मधेश सांस्कृतिक पार्कको विकास एवं सौन्दर्यीकरण गरिने छ ।

१७९. प्रदेश विशेष आर्थिक क्षेत्र निर्माण एवं सप्तरीको रुपनीमा केवलकार सञ्चालनको संभाव्यता अध्ययन गरिने छ ।

१८०. नयाँ उद्योगहरुको प्रवर्द्धन गर्न न्यौर, छिन्नमस्ता, कुनौली, राजविराज, गाइघाट जोडने औद्योगिक कोरिडोर निर्माणको निम्ति सम्भाव्यता अध्ययन गरिनेछ ।

१८१. छिन्नमस्ता, केकालिनी, कोशी पर्यटन मार्ग निर्माण गरिनेछ ।

## माननीय सदस्यहरु,

१८२. मधेश प्रदेश अन्तर्गत रहेका सबै यातायात व्यवस्था कार्यालयहरुमा सवारी चालक अनुमति पत्रमा अनियमितता हुन नदिनको लागि Automatic Trial Center को स्थापना गरिनेछ। पूर्वपश्चिम राजमार्गका विभिन्न स्थानमा VFTC(Vehicle Fitness Test Center) स्थापनाका लागि प्रक्रिया अगाडी बढाईनेछ ।

१८३. यातायात क्षेत्रको संरचनागत तथा कार्य प्रणाली सुधार अन्तर्गत प्रदेशका सबै यातायात व्यवस्था कार्यालयहरुमा नवीनत्तम प्रविधिहरु आधुनिकीकरण गरिनेछ ।

१८४. पूर्वपश्चिम राजमार्गका विभिन्न स्थानमा यात्रीहरुको लागि Refresh Center निर्माण र Public Transport संचालनका निमित्त यातायात व्यवसायीहरु सँग समन्वय गरिनेछ।

१८५. स्थानीय तहसंगको समन्वय ट्राफिक सचेतना कार्यक्रम र पाठ्यक्रम तयार गरी विद्यालयमा पठनपाठन हुने व्यवस्था मिलाईनेछ ।

१८६. सवारी साधन आयातका लागि प्रदेशको नाका हुदै आयात गर्दा विशेष सुविधा उपलब्ध गराइने छ ।

१८७. प्रदेश सरकारले हलुका सवारी साधन खरिद गर्दा विद्युतीय सवारी साधनलाई प्राथमिकता

१८८. बैदेशिक रोजगारबाट फर्किएका युवाहरुलाई प्रदेशमा स्वरोजगार अवसर प्रदान गर्नका लागि आर्थिक/वस्तुगत/प्रविधिक सहयोग सहितको स्वरोजगार कार्यक्रम संचालन गरिनेछ। बैदेशिक रोजगारबाट फर्किएका जनशक्तिको तथ्याङ्क संकलन गरी रोष्टर निर्माण गर्ने र तिनिहरुसंग भएका सिपलाई सदुपयोग गरी स्वदेशमै आय आर्जनका लागि सीप विकास तालिम, प्रविधि सहयोग, अनुदानमा आधारित ऋण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ ।

१८९. प्रदेशमा रहेको जनसांख्यिक लाभांस उपयोग गरि स्वदेश तथा विदेशमा समेत रोजगारीको अवसर श्रृजना गर्न व्यावसायिक तथा प्राविधिक क्षेत्रमा अर्धदक्ष तथा दक्ष जनशक्ति उत्पादन गर्न आबश्यक नीतिगत, कानुनी, संस्थागत व्यवस्था सहितको प्रशिक्षण कार्यक्रम संचालन गरिनेछ ।

१९०. प्रदेश भित्रका वेरोजगार युवाहरुलाई रोजगार वा स्वरोजगारका अवसर प्रदान गर्नका लागि मुख्यमन्त्री (सि.एम.) रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।बैदेशिक रोजगारी माथिको

परनिरभर्ता न्युनिकरणका लागि प्रदेश भित्र आर्थिक/वस्तुगत/ प्रविधिक अनुदान सहितको "स्टार्टअप सहयोग" र "गरि खाने अभियान" कार्यक्रम सञ्चालन गरिनेछ ।

१९१. बैदेशिक रोजगारीमा जाने कामदारहरुलाई ठगि बाट जोगाउन सूचना/ परामर्श सचेतना प्रदान गर्ने व्यवस्था गरिनेछ साथै ठगि तथा समस्यामा परेका कामदारलाई न्याय प्रदानको लागि सहजिकरण र विदेश जाने कामदारलाई माग अनुसारका सिप तालिमको व्यवस्था गरिनेछ ।

१९२. प्रदेशका सबै स्थानीय तहहरुमा रहेका रोजगार सेवा केन्द्रहरुको क्षमता विकास गरि सघन सहकार्य गरिनेछ । प्रदेश भित्रका रोजगार क्षेत्रमा देखिएका मनो सामाजिक समस्याहरु न्युनिकरण गर्न मनोपरामर्श सेवाकर्मिहरुको प्रवर्द्धन गरिनेछ तथा स्थानिय तहको मागको अधारमा स्थानीय तहमा सिप बिकास तालिमको संचालन र ब्यवस्थापन गरिनेछ ।

१९३. प्रदेश भित्रका समग्र श्रम तथा रोजगार क्षेत्रलाई व्यवस्थित गर्नका लागि श्रम तथा रोजगार ऐन तर्जुमा गरिनेछ । विप्रषेणको उत्पादनमुलक प्रयोगका लागि वित्तिय साक्षरता, उद्यमशिलता प्रवर्द्धन गरिनेछ । सिप बिकास तालिम लिएका बाट उत्पादित सामाग्रिहरुको बिक्री बितरणका लागी कोशेलि घर संचालन गरिनेछ । विप्रेषणको उत्पादनशील उपयोग गर्ने नीति लिइनेछ ।

१९४. वैदेशिक रोजगारीवाट फिर्ता आएका व्यक्तिहरुलाई संगठित गर्दै सहकारी प्रवर्द्धन एवं आप्रवासी बजार प्रवर्धन सम्बन्धि कार्यहरु गरिनेछ । बैदेशिक रोजगारी संग सम्बन्धित परियोजना तथा कार्यक्रमहरु स्थानिय तहहरुसँग समन्वय गरी सञ्चालन गर्ने नीति लिइनेछ ।

१९५. रोजगारीको सिलसिलामा विदेशमा ज्यान गुमाएका मधेश प्रदेशका श्रमिकहरुको मृत शरिर छिटो छरितो नेपाल ल्याउन सरोकारवाला निकायहरुसँग समन्वय गरिनेछ। नेपाल भित्रिएपछि विमानस्थलबाट घर सम्म पुर्याउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१९६. "महिलाके विकास, घरके विकास – घरके विकास, देशके विकास" भन्ने मुल नाराका साथ श्रमिक महिलालाई विशेष प्राथमिकता दिई उद्यमशिलतामा सहभागी गराईने नीति लिइनेछ ।

१९७. "हात हातमा सवारी ,घर घरमा रोजगारी" भन्ने मुल नाराका साथ रोजगार कार्यक्रम संचालन गरिनेछ ।

१९८. "सामाजिक न्याय समयको माग, बालश्रम निषेध हाम्रो हाँक" "वचपन वचाँउ, जीवन सजाँउ" नाराका साथ स्थानीय तहको समन्वयमा बालश्रम निषेध अभियान सञ्चालन गर्ने व्यवस्था मिलाईनेछ ।

**माननीय सदस्यहरु,**

१९९. बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति एकल महिला, दलित , आदिवासी जनजाती , मुस्लीम, ज्येष्ठ नागरिक र विपन्न लगायतका समुदायको अधिकार , सशक्तिकरण र विकास गरिने नीति लिइनेछ।

२००. दलितहरुको क्षमता अभिवृद्ध, आर्थिकोपार्जन र सशक्तिकरणका लागि सम्वन्धित निकायसँग समन्वय गरी सचेतना र सीपमूलक कार्यक्रम संचालन गरिनेछ।

२०१. सीप विकास तालिम केन्द्रहरुलाई क्रमशः सुदृढीकरण गर्दै रोजगार उनमुख बनाइनेछ।

२०२. मधेश प्रदेशको पिछडावर्गको हकहित संरक्षणका लागि विषेश कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२०३. बाल विवाह निरुत्साहित गर्न सचेतना कार्यक्रम संचालन गर्दै उमेर पुगि विवाह गर्नेलाइ सम्मान गरिनेछ। अन्तरजातीय विवाहलाई प्रोत्साहित गरिनेछ।

२०४. प्रदेश भरिका युवाजनशक्तिको क्षमता र योग्यताको पहिचान गरी युवावर्ग लक्षित प्रदेश युवा नीति तर्जुमा गरिनेछ।

२०५. ज्येष्ठ नागरिकहरुको लागि विषेश सहयोगको कार्यक्रम ल्याइनेछ र उनीहरुका लागि ज्येष्ठ नागरीक सेवा केन्द्र सञ्चालन गरिनेछ।

२०६. घर परिवार र आफन्त विहिन अनाथ, अपाङ्ग, असहाय मानवहरुको मानवोचित व्यवस्थापन गर्न पहल गरिनेछ।

२०७. मधेश प्रदेशको पहिचान बोकेका विभिन्न खेलहरु र खेलाडीहरुलाई प्रवर्द्धन, प्रोत्साहन र प्रशिक्षण गरिनेछ।शारीरिक व्यायाम, योग, व्यायाम केन्द्र, जिमपार्क, चिल्ड्रेन पार्क लगायतका शारीरिक विकासका विशेष कार्यक्रम सञ्चालनगरिनेछ ।

२०८. मधेश प्रदेशमा आगामी एघारौं राष्ट्रिय खेलकूदप्रतियोगिता सफल रुपमा आयोजना गर्न सरकार नीजि क्षेत्र र सरोकारवाला निकायहरुको समन्वयमा नियमित संवाद कार्यक्रम गरी आवश्यकता अनसार स्रोत साधन परिचालन गरिनेछ ।

२०९. प्रतिभावान खेलाडीलाई स्रोत साधनले भ्याएसम्म पुरस्कृत गर्दै जाने नीति लिइनेछ ।

२१०. प्रतियोगितामा सहभागी हुने खेलाडीलाइ खेलकुद सामग्री र खेलाडीको दुर्घटना विमाको व्यवस्था गरिनेछ।

२११. युवालाइ उद्यमशीलता, रोजगार र स्वरोजगार बनाउन क्षमता विकास आवश्यक सहयोग उपलव्ध गराउन हरेक स्थानीय तहमा संयन्त्रहरु विस्तार गरिनेछ।

२१२. युवा उद्यमीशीलता तथा रोजगार अभिवृद्धिको लागि अन्तरनिकाय समन्वय र सहकार्यलाइ प्रभावकारी बनाइनेछ।

२१३. मधेश प्रदेशका गरीव, दलित तथा सिमान्तकृत र विपन्न परिवारहरुको लागि एक विद्युतीय चुलो कार्यक्रमलाइ निरन्तरता दिईनेछ।

२१४. अपाङ्गता भएका व्यक्तिहरुको हकहित संरक्षण तथा सशक्तिकरणको लागि गैसस सँग समन्वय गरी कार्य सम्पादन गरिनेछ।

२१५. यौनिक तथा लैङ्गिक अल्पसंख्यहरुको लागि सीप मूलक तालिम, वेभेद विरुद्ध सामाजिक व्यवहारमा परिवर्तन गरिने कार्यक्रम सञ्चालन गरिनेछ।

२१६. खेलकुद ऐन, पिछडा वर्ग र संघ संस्था समन्वय ऐन यसै आ व मा ल्याइनेछ।

२१७. प्रदेश भित्रका धार्मिक मठमन्दिर, मस्जिद, गुम्बा, सम्सान घाट, श्राद्ध स्थल, कवरगाह, छटघाट, सामुदायिक भवन, विवाह स्थल, वृद्धाश्रम र धार्मिक सामाजिक आश्रम/स्थलहरुलाई क्रमशः व्यवस्थित गरिनेछ।

२१८. नागरिक विमा कार्यक्रम संचालन गरी मधेश प्रदेशमा हुने विभिन्न विपदजन्य घटना/दुर्घटना आदिको क्षति न्युनिकरण गरिनेछ।

२१९. समाजिक सदभाव मजवुद बनाउन विभिन्न कार्यक्रम संचालन गरिनेछ।

२२०. प्रदेशमा वृद्धावस्था/अनाथालय लगायत अन्य क्षेत्रमा सहयोग पुग्ने गरी प्रत्येक जिल्लामा अनाथालय र क्लोथ बैंक स्थापना गर्दै जाने नीति लिइनेछ ।

२२१. विपद व्यवस्थापन प्रभावकारी बनाउन प्रदेशमा प्रदेश स्वयमसेवकको स्थापना गरी निश्चित अवधिको तालिम तथा प्रशिक्षण दिइने र विपद व्यवस्थापनमा उपयोग गर्दै जाने नीति लिइनेछ ।

## माननीय सदस्यहरु,

२२२. संसदीय व्यवस्थालाई प्रभावकारी बनाउन मधेश प्रदेश सभाका प्रदेश सभा सदस्यहरुको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

२२३. नागरिक र मधेश प्रदेश सभालाई जोडन सञ्चालनमा रहेका जनतासँग सांसद र मधेश प्रदेश सभाको गतिविधी विभिन्न माध्यमबाट सञ्चालन तथा सम्प्रेषण गर्ने कार्यलाई निरन्तरता दिने ।

२२४. स्थानीय तहका सभालाई प्रभावकारी रुपमा सञ्चालन गर्नको लागि गाउँ सभा/नगर सभा सञ्चालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।

२२५. मधेश प्रदेश सभालाई व्यवस्थित गर्न प्रदेश सभा हल विस्तार सहित व्यवस्थित गर्ने ।

मधेश प्रदेश सरकारको आर्थिक बर्ष २०८१/८२ को यस नीति तथा कार्यक्रमहरुको सफल कार्यान्वयनबाट प्रादेशिक हित, एकता र स्वाभिमानमा अभिवृद्धि भई संघीयता संस्थागत हुन सघाउ पुग्नेछ भन्ने विश्वास लिएको छु । साथै दिगो र समावेशी आर्थिक विकासमा योगदान गर्ने क्षेत्रमा लगानी वृद्धि गर्दै सबल र आत्मनिर्भर प्रदेशको निर्माण गर्न यस नीति तथा कार्यक्रमले दिशाबोध गराउनेछ।

यस प्रदेशको सन्तुलित र समानुपातिक विकासमा योगदान पुऱ्याउनु हुने सरकारी र गैर सरकारी क्षेत्रका सबै सरोकारवाला व्यक्ति र निकायहरुले यो नीति र कार्यक्रमलाई आत्मसाथ गरी प्रादेशिक उन्नति र प्रगतिका लागि आ-आफ्नो क्षेत्रबाट सहयोग गर्नु नै हुनेछ भन्ने आशा गरेको छु ।

धन्यवाद